काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : ३२३ ❐ शुक्रवार, १९ भदौ, २०८३ ❐ Friday, 4 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

नौ वर्षसम्म पनि सुध्रिएन कर्णालीको बजेट खर्च गर्ने प्रणाली

पछिल्ला आर्थिक वर्षहरूमा चालु र पुँजीगत खर्चको दर फराकिलो देखिन थालेको छ। प्रशासनिक खर्चतर्फ बजेट कार्यान्वयनको निरन्तरता देखिए पनि विकास बजेट खर्चको गति कमजोर भएको तथ्यांकले देखाउँछ। सरकार सञ्चालन, कार्यालय व्यवस्थापन र कर्मचारीको खर्च गर्न सक्ने तर विकास निर्माणमा विनियोजन भएको रकम समयमै खर्च गर्न नसक्ने अवस्था किन सिर्जना भइरहेको छ भन्ने प्रश्न प्रदेश सरकारका सामु तेर्सिएको छ।

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १८ भदौ

कर्णाली प्रदेश सरकारको बजेट कार्यान्वयन प्रणालीमा वर्षभरि सुस्त रहने र आर्थिक वर्षको अन्तिम तीन महिनामा खर्चको चाप बढाउने प्रवृत्ति पछिल्ला वर्षहरूमा झन् संस्थागत बन्दै गएको छ। प्रदेश सरकार स्थापना भएको नौ वर्ष बितिसक्दा पनि बजेटलाई समयमै र योजनाबद्ध रूपमा खर्च गर्न नसक्ने समस्या दोहोरिइरहनुले सरकारको कार्यान्वयन क्षमता, संस्थागत तयारी र जवाफदेहितामाथि गम्भीर प्रश्न उठ्दै आएको छ। गत आर्थिक वर्ष २०८२/०८३ को बजेट खर्चको तथ्यांकले कर्णाली सरकारको असार मुखी खर्च प्रवृत्तिको वास्तविक चित्र देखाउँछ। गत आर्थिक वर्षको पहिलो महिना साउनमा कुल पुँजीगत बजेटको ०.००२ प्रतिशत मात्रै खर्च भएको थियो। चैत मसान्तसम्म नौ महिनाको अवधिमा पुँजीगत बजेट खर्च १७.१६ प्रतिशत पुगेको थियो। तर, असार महिनामा मात्रै कुल पुँजीगत बजेटको २२.८० प्रतिशत खर्च गरिएको छ। यो गत आर्थिक वर्षको वर्षभरी खर्च भएको पुँजीगत बजेटको ५०.३० प्रतिशत हिस्सा हो। अर्थात्, वर्षको अधिकांश समय बजेट कार्यान्वयनमा अपेक्षित गति नदेखाउने तर आर्थिक वर्ष सकिनै लाग्दा



ठूलो रकम खर्च गर्ने प्रवृत्ति कर्णालीमा संस्थागत बन्दै गएको देखिन्छ। विकास निर्माणका लागि विनियोजन गरिएको बजेटको आधाभन्दा बढी हिस्सा असारमै खर्च हुनु सरकारको सामान्य वित्तीय प्रगति नभई बजेट कार्यान्वयन प्रणालीमा रहेको गम्भीर कमजोरी हो।

यो समस्या पुँजीगत बजेटमा मात्रै सीमित छैन। चालु शीर्षकको बजेट खर्चमा समेत वर्षान्तमा खर्च बढ्ने प्रवृत्ति देखिन्छ। प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांक अनुसार आर्थिक वर्षको अन्तिम त्रैमासिक अवधिमा कुल बजेटको चालुतर्फ औसतमा ३७.२२ र पुँजीगततर्फ ३८.१६ प्रतिशत खर्च हुने गरेको छ। पछिल्ला पाँच आर्थिक वर्षको अवधिमा ३३.३८ देखि ३९.९९ प्रतिशत चालु शीर्षकको बजेट आर्थिक वर्षको अन्तिम त्रैमासिक अवधिमा खर्च हुने गरेको तथ्यांकले देखाउँछ। पुँजीगत बजेटतर्फ अन्तिम त्रैमासिक खर्चको हिस्सा झन् ठूलो छ। पछिल्ला पाँच आर्थिक वर्षमा अन्तिम त्रैमासिकमा पुँजीगत बजेटको ३५.५९ देखि ४२.४२ प्रतिशतसम्म खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०७८/०७९ मा अन्तिम तीन महिनामा चालुतर्फ ३८.४३ प्रतिशत र पुँजीगततर्फ ४२.०९ प्रतिशत बजेट खर्च भएको थियो। आर्थिक वर्ष २०७९/०८० मा चालुतर्फ ३९.९९ प्रतिशत र पुँजीगततर्फ ४२.४२ प्रतिशत बजेट अन्तिम तीन महिनामा खर्च भएको थियो। यस्तै, आर्थिक *बाँकी पृष्ठ २*

बढ्दैछ पुँजीगतभन्दा चालु खर्चको हिस्सा

कर्णाली प्रदेश सरकारको पछिल्लो पाँच वर्षको बजेट कार्यान्वयन दरले पनि पुँजीगत खर्चको अवस्था कमजोर रहेको देखाउँछ। पछिल्ला आर्थिक वर्षहरूमा चालु र पुँजीगत खर्चको दर फराकिलो देखिन थालेको छ। प्रशासनिक खर्चतर्फ बजेट कार्यान्वयनको निरन्तरता देखिए पनि विकास बजेट खर्चको गति कमजोर भएको तथ्यांकले देखाउँछ। सरकार सञ्चालन, कार्यालय व्यवस्थापन र कर्मचारीको खर्च गर्न सक्ने तर विकास निर्माणमा विनियोजन भएको रकम समयमै खर्च गर्न नसक्ने अवस्था किन सिर्जना भइरहेको छ भन्ने प्रश्न प्रदेश सरकारका सामु तेर्सिएको छ। गत आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले ५५.७४ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको छ। तर, चालु बजेट भने त्योभन्दा निकै धेरै ७३.४८ प्रतिशत कार्यान्वयन गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा पुँजीगत बजेट ५८.७ प्रतिशत कार्यान्वयन भएकोमा आर्थिक वर्ष २०८२/८३ मा भने केही घटेको छ। आर्थिक वर्ष २०८०/८१ मा ५४.६७ प्रतिशत, आर्थिक वर्ष २०७९/८० मा ६४.५४ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा ६०.०३ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन भएको देखिन्छ। चालु खर्चको अवस्था भने तुलनात्मक रूपमा फरक छ।

आर्थिक वर्ष २०८१/८२ मा चालु बजेट ७५.४२ प्रतिशत कार्यान्वयन भएकोमा आर्थिक वर्ष २०८२/८३ मा भने केही घटेको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा ६८.३६ प्रतिशत, आर्थिक वर्ष २०७९/८० मा ७२.९५ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा ६६.२३ प्रतिशत चालु बजेट कार्यान्वयन भएको देखिन्छ। चालु आर्थिक वर्ष २०८३/०८४ को पहिलो महिनाको खर्चले पनि विगतको प्रवृत्तिमा तत्कालै सुधार आएको संकेत गरेको छैन। प्रदेश सरकारले चालु आर्थिक वर्षको पहिलो महिनामा तीन करोड ७६ लाख ९५ हजार नौ सय चार रुपैयाँ मात्रै खर्च गर्न सकेको छ। यो कुल बजेटको ०.१०६ प्रतिशत मात्रै हो। चालु आर्थिक वर्ष प्रदेश सरकारले ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार बराबरको कुल बजेट ल्याएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार चालु आर्थिक वर्षमा पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार विनियोजन भएकोमा पहिलो महिना जम्मा तीन करोड ३४ लाख ४१ हजार सात सय २६ रुपैयाँ बजेट खर्च भएको *बाँकी पृष्ठ ३*

संसद् बैठक : कसले के भने ?

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १८ भदौ

प्रतिनिधि सभाका सांसदहरूले १० भदौमा रसुवाको भोटेकोशीमा आएको भीषण बाढीमा परी बेपत्ता भएका नागरिकको खोजी कार्य तीव्र बनाउन सरकारको ध्यानाकर्षण गराएका छन्। सभाको बिहीबारको बैठकको आकस्मिक समयमा बोल्दै उनीहरूले बाढी प्रभावित क्षेत्रको उद्धार, राहत तथा स्वास्थ्य व्यवस्थापनमा गति बढाउन आग्रह गरेका हुन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद केपी खनालले बाढीमा आफ्ना आफन्तसमेत बेपत्ता भएको बताउँदै खोजी तीव्र बनाउन माग गरे। साथै उनले सडक दुर्घटना न्यूनीकरण र छाडा



पशुचौपायाको व्यवस्थापनमा पनि सरकार गम्भीर हुनुपर्नेमा जोड दिए। उनले भने, 'मेरो आफन्तसमेत रसुवा बाढीमा परी धेरै जना हराउनुभएको छ। उहाँहरूको खोजी कार्य जारी गरियोस्।'

रास्वपाकी अर्की सांसद ओजश्वी शेरचनले विपद्पछि स्वास्थ्य सेवा प्रभावित भएकाले महामारी फैलिनुअघि नै अस्थायी स्वास्थ्य शिविर सञ्चालन गर्न माग गरिन्। रसुवाको स्याफ्रुबेंसी, टिमुरे हेल्थ पोस्ट, टिमुरे हेल्थ डेस्क र मैलुङ स्वास्थ्य इकाई पूर्ण रूपमा ध्वस्त भएको जानकारी उनले दिइन्। धादिङ र त्रिशूली अस्पतालसमेत प्रभावित भएकाले बाढी प्रभावित क्षेत्रमा तत्काल स्वास्थ्य परीक्षण र स्क्रिनिङको व्यवस्था गर्नुपर्ने उनको भनाइ छ। उनले भनिन्, 'विपद्पछि खटिएका स्वास्थ्यकर्मीले त्यहाँको जनस्वास्थ्य अवस्था गम्भीर रहेको प्रस्ट पारेका छन्। स्वास्थ्य चौकी नै नरहेको अवस्थामा महामारी फैलिनुअघि नै अस्थायी स्वास्थ्य शिविर स्थापना गरी परीक्षण गरियोस्।'

रास्वपाका सांसद बुद्धिप्रसाद पन्तले आफ्नो निर्वाचन क्षेत्र र पर्साका गरी सयौं नागरिक बेपत्ता भएको भन्दै स्रोतसाधन र जनशक्ति अभावमा उद्धार सुस्त बनेको बताए। आफन्तहरू आज पनि आसमा पर्खिरहेकाले उद्धारमा तदारुकता देखाउन उनले सरकारसँग आग्रह गरे। पन्तले भने, 'यस महाविपत्तिमा परी सयौं बेपत्ता हुनुभएको छ। उहाँहरूका परिवारजन आज पनि सास वा लासको आसमा आफन्तको बाटो पर्खिरहेका छन्। स्रोतसाधन र जनशक्ति अभावमा उद्धार कार्यमा सोचेजस्तो प्रगति देखिएको छैन।' सोही पार्टीका सांसद बुद्धरत्न महर्जनले गोसाइँकुण्ड तीर्थयात्रामा गएका ललितपुरका नागरिक तथा देशभरका तीर्थयात्रीको शीघ्र खोजी गर्न ध्यानाकर्षण गराए।

बाढीग्रस्त क्षेत्रमा ३ लाख ७ हजार लिटर पेट्रोल-डिजल, १ लाख २ हजार लिटर हवाई इन्धन

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १८ भदौ



भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनलगायत जिल्लामा ठुलो धनजनको क्षति भएपछि उद्धार तथा राहत कार्यलाई सहज बनाउन नेपाल आयल निगमले पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्ति तथा बिक्री वितरणलाई प्राथमिकताका साथ निरन्तरता दिएको छ।

भाद्र १४ गते त्रिशूली नदीले पृथ्वी राजमार्गको कृष्णभीर खण्डमा सडक कटान गरेपछि उक्त मार्ग अवरुद्ध हुँदा पेट्रोलियम ट्याङ्कर तथा ग्यास बुलेट काठमाडौं आउन नसक्ने अवस्था सिर्जना भएको थियो। त्यसपछि निगमले वैकल्पिक मार्गका रूपमा त्रिभुवन राजपथ (बाइरोड) प्रयोग गरी काठमाडौं उपत्यका तथा आसपासका जिल्लामा पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्ति व्यवस्था मिलाएको जनाएको छ।

निगमका अनुसार उपत्यकामा बिक्री वितरण हुने पेट्रोलियम पदार्थ बाइरोड हुँदै भित्र्याउने व्यवस्था गरिएको छ। एलपी ग्यासका लागि भने तराईका उद्योगबाट सिलिन्डर भरी सोही मार्ग हुँदै काठमाडौं ल्याउने व्यवस्था मिलाइएको छ।

उपत्यकाका लागि विभिन्न ब्रान्डका करिब २४ हजार ५ सय ग्यास सिलिन्डर ल्याउने व्यवस्था भइसकेको निगमले जनाएको छ। बिहीबारदेखि ग्यास आपूर्ति नियमित बनाउँदै थप परिमाणमा सिलिन्डर ल्याउने तयारी गरिएको छ।

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
शुक्रवार, १९ भदौ, २०८३
Friday, 4 Sep 2026

सम्पादकीय

विकासको गति कहिले तीव्र होला ?

वीरेन्द्रनगरको मंगलगढी चोकमा निर्माण भइरहेको कर्णालीकै पहिलो आकाशे पुललाई प्रदेश राजधानीको यातायात व्यवस्थापन र पैदल यात्रुको सुरक्षाका दृष्टिले महत्वपूर्ण आयोजनाका रूपमा हेरिएको छ । बढ्दो सवारी चापका कारण व्यस्त बन्दै गएको मंगलगढीमा पैदल यात्रुलाई सुरक्षित रूपमा सडक वारपार गराउन निर्माण थालिएको यो संरचना आवश्यकताका हिसाबले स्वागतयोग्य छ । तर झण्डै एक करोड रूपैयाँ खर्च हुने आयोजनाको निर्माण गति भने प्रश्न उठाउने अवस्थामा पुगेको छ । सम्झौताअनुसार पुल निर्माणको काम २०८३ जेठ मसान्तभित्रै सकिनुपर्ने थियो । निर्धारित समयमै काम सम्पन्न हुन नसकेपछि असार मसान्तसम्म म्याद थपियो । असारमा पनि काम पूरा भएन र अहिले फेरि असोज मसान्तसम्मको म्याद दिइएको छ । मध्य भदौसम्म भौतिक प्रगति करिब ७० प्रतिशत मात्रै पुगेको अवस्थामा दसैँअघि निर्माण सम्पन्न गर्ने निर्माण कम्पनीको दाबीलाई अब व्यवहारमै प्रमाणित गर्नुपर्ने चुनौती छ ।

निर्माण ढिलाइका कारणका रूपमा भुक्तानी समस्या, निर्माण सामग्रीको मूल्यवृद्धि, सामग्री आपूर्ति तथा ढुवानीमा आएको समस्या र वर्षालाई देखाइएको छ । यीमध्ये केही कारण व्यावहारिक हुन सक्छन् । तर आयोजना सम्झौता गर्दा यस्ता सम्भावित जोखिमको पूर्वआकलन गरिएको हुनुपर्ने हो । सार्वजनिक रकम खर्च हुने आयोजनामा पटक-पटक म्याद थप्ने प्रवृत्ति सामान्य बन्नु सुशासनका दृष्टिले राम्रो संकेत होइन । अझ महत्वपूर्ण प्रश्न निर्माणको गुणस्तर र लागतसँग जोडिन्छ । भौतिक प्रगति ७० प्रतिशत पुगे पनि आर्थिक प्रगति करिब ५० प्रतिशत रहेको बताइएको छ । यसले आयोजना तुलनात्मक रूपमा नियन्त्रणमै रहेको संकेत गरे पनि बाँकी काम तोकिएको समयमै र गुणस्तरीय रूपमा सम्पन्न हुन्छ कि हुँदैन भन्ने विषयमा नगरपालिकाले निरन्तर निगरानी गर्न आवश्यक छ ।

आकाशे पुल केवल एउटा संरचना होइन, पैदल यात्रुको जीवन सुरक्षासँग जोडिएको पूर्वाधार हो । त्यसैले छिटो सक्ने नाममा गुणस्तरमा सम्झौता गर्नु पनि उचित हुँदैन । निर्माण कम्पनीलाई स्पष्ट कार्यतालिकासहित बाँकी काम अघि बढाउन लगाउँदै नगरपालिकाले नियमित अनुगमन गर्नुपर्छ । वीरेन्द्रनगरमा बसपार्क जाने बाटो, यरीचोक र एयरपोर्ट चोकलगायत अन्य व्यस्त स्थानमा समेत आकाशे पुल निर्माण गर्ने योजना छ । मंगलगढीको अनुभवबाट पाठ सिकेर आगामी आयोजना समयमा सम्पन्न हुने गरी योजना, ठेक्का व्यवस्थापन र अनुगमन प्रणाली बलियो बनाउनुपर्छ । विकासको अर्थ बजेट छुट्याउनु र ठेक्का लगाउनु मात्र होइन, तोकिएको समय, लागत र गुणस्तरभित्र नागरिकले प्रत्यक्ष लाभ पाउने गरी आयोजना सम्पन्न गर्नु हो । मंगलगढीको आकाशे पुल अब थप म्यादको बहाना होइन, तोकिएको समयभित्र काम सक्ने उदाहरण बन्नुपर्छ ।

नौ...

वर्ष २०८०/०८१ मा चालुतर्फ ३३.३८ र पुँजीगततर्फ ३५.५९ प्रतिशत, आर्थिक वर्ष २०८१/०८२ मा चालुतर्फ ३६.९९ र पुँजीगततर्फ ३७.७६ प्रतिशत तथा आर्थिक वर्ष २०८२/०८३ मा चालुतर्फ ३७.३८ र पुँजीगततर्फ ३८.५८ प्रतिशत बजेट आर्थिक वर्षको अन्तिम तीन महिना वैशाखदेखि असारसम्म खर्च भएको तथ्यांकले देखाउँछ ।

यी तथ्यांकले कर्णाली प्रदेश सरकारले बजेट कार्यान्वयनका लागि वर्षको सुरुदेखि नै आवश्यक तयारी गर्न नसकेको देखाउँछन् । प्रदेश सरकारका आठ वटा वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न बजेट ल्याउने गरे पनि बजेट कार्यान्वयनको गति भने आर्थिक वर्षको अन्त्यतिर मात्रै बढ्ने गरेको छ । यसले समयमै विकास योजना कार्यान्वयन, त्रैमासिक खर्च व्यवस्थापन, संस्थागत सुशासन र कार्यान्वयन क्षमतामाथि प्रश्न उठाएको छ । हरेक वर्ष एक तिहाइभन्दा बढी बजेट अन्तिम त्रैमासिकमा मात्र खर्च हुने अवस्थाले योजना कार्यान्वयनको गुणस्तर र खर्च प्रणालीमाथि समेत प्रश्न खडा गरिरहेको छ । आर्थिक वर्षको सुरुवाती महिनामा खर्च नगर्ने र अन्तिम समयमा ठूलो रकम खर्च गर्ने अभ्यासले योजना छनोट, ठेक्का प्रक्रिया, निर्माणको गुणस्तर, अनुगमन तथा पारदर्शितामा असर पर्न सक्ने जोखिम रहन्छ । बजेट खर्चको अंक बढाउनु मात्र उपलब्धि होइन । त्यसबाट नागरिकले कस्तो सेवा पाए, निर्माण भएका पूर्वाधार कति गुणस्तरीय भए र खर्चले विकासमा कति योगदान गऱ्यो भन्ने प्रश्न महत्वपूर्ण हुने सरोकारवाहरु बताउँछन । मन्त्रालयगत बजेट कार्यान्वयनको अवस्थालाई विश्लेषण गर्दा पनि खर्चमा असन्तुलन देखिन्छ । केही मन्त्रालय तथा निकायको बजेट कार्यान्वयन दर उच्च भए पनि उनीहरूले समेत बजेटको ठूलो हिस्सा अन्तिम त्रैमासिकमा खर्च गर्ने गरेको देखिन्छ । यसले खर्चको प्रतिशत मात्रै हेरेर बजेट कार्यान्वयनको प्रभावकारिता मापन गर्न नसकिने देखाउँछ । उच्च खर्च देखिएका निकायमा समेत खर्चको समय र त्यसबाट प्राप्त परिणामको मूल्यांकन आवश्यक देखिन्छ ।

प्राकृतिक प्रकोप बाढी पहिरो



✍ दिनेश खनाल

नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण देश हो । हिमाल, पहाड, नदी, खोलानाला, वनजंगल र तराईका समथर भू-भागले नेपालको भौगोलिक विविधतालाई चिनाउँछन् ।

प्राकृतिक रूपमा सुन्दर भए पनि नेपालको भौगोलिक बनावटका कारण यहाँ विभिन्न प्राकृतिक विपद् आउने गर्छन् तीमध्ये बाढी र पहिरो नेपालमा बारम्बार देखिने प्रमुख प्राकृतिक विपद् हुन् । विशेषगरी वर्षायाममा अत्यधिक वर्षाका कारण देशका विभिन्न क्षेत्रमा बाढीपहिरो जाने गर्छ ।

यसबाट मानिसको जनजीवन प्रभावित हुनुका साथै ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । नेपालमा बाढी आउनुको मुख्य कारण मनसुनका समयमा हुने अत्यधिक तथा निरन्तर वर्षा हो ।

लामो समयसम्म पानी पर्दा नदी, खोला र खोल्सामा पानीको मात्रा बढ्छ। नदी तथा खोलाले आफ्नो बहाव क्षमता धान्न नसक्दा पानी बस्ती, सडक र खेतबारीतर्फ पस्छ। त्यसैगरी पहाडी तथा हिमाली क्षेत्रमा भिरालो जमिन, कमजोर माटो र चट्टानका कारण वर्षाको पानी जमिनभित्र पस्दा माटोको स्थिरता घट्छ र पहिरो जाने सम्भावना बढ्छ ।

नदीको कटान, कमजोर भू-बनोट र भौगोलिक अवस्था पनि पहिरोका महत्वपूर्ण कारण हुन् । बाढीपहिरो प्राकृतिक कारणले मात्र नभई मानवीय क्रियाकलापका कारण पनि बढिरहेको छ। वनजंगलको अनियन्त्रित फँडानीले माटो समातेर राख्ने वनस्पतिको कमी हुन्छ, जसले पहिरोको सम्भावना बढाउँछ । त्यसैगरी पर्याप्त प्राविधिक अध्ययन नगरी पहाडी क्षेत्रमा सडक निर्माण गर्दा जमिन कमजोर हुन सक्छ ।

नदी तथा खोलाको प्राकृतिक बहावमा अवरोध पुऱ्याउने गरी संरचना निर्माण गर्नु, नदीजन्य पदार्थको जथाभावी उत्खनन गर्नु र जोखिमयुक्त स्थानमा बस्ती विस्तार गर्नु पनि बाढीपहिरोका मानवीय कारण हुन् । त्यसैले विकास निर्माणका काम वातावरण र भौगोलिक अवस्थालाई ध्यानमा राखेर गर्नुपर्छ ।

बाढीपहिरोको सबैभन्दा गम्भीर असर मानव जीवनमा पर्छ । यसका कारण मानिस घाइते हुन सक्छन्, घरबार गुमाउन सक्छन् र कतिपय अवस्थामा ज्यानसमेत गुमाउनुपर्छ ।

परिवार विस्थापित हुँदा उनीहरूलाई सुरक्षित स्थानमा बस्नुपर्ने अवस्था आउँछ । बालबालिकाको पढाइमा बाधा पुग्छ भने विद्यालय, स्वास्थ्य संस्था र अन्य सार्वजनिक संरचनामा क्षति पुग्दा शिक्षा तथा स्वास्थ्य सेवा प्रभावित हुन्छ ।

विपद्को समयमा स्वच्छ खानेपानी, खाद्यान्न, कपडा र औषधिको अभावसमेत हुन सक्छ । बाढीपहिरोले नेपालको कृषि क्षेत्रमा पनि ठूलो क्षति पुऱ्याउँछ। खेतबारी डुब्ने वा पहिरोले पुरिने हुँदा किसानले लगाएको बाली नष्ट हुन्छ ।

पशुचौपाया हराउने वा क्षति हुने सम्भावना पनि हुन्छ। यसले कृषिमा निर्भर परिवारको आर्थिक अवस्था कमजोर बनाउन सक्छ। सडक र पुल भत्किएपछि यातायात अवरुद्ध हुन्छ ।

बजारमा आवश्यक खाद्यान्न तथा अन्य सामग्री पुऱ्याउन कठिन हुन्छ। विद्युत्, सञ्चार र खानेपानीका संरचनामा क्षति पुग्दा प्रभावित क्षेत्रको दैनिक जीवन थप कष्टकर बन्न पुग्छ ।

बाढीपहिरोको जोखिम कम गर्न सरकार, स्थानीय तह र नागरिक सबैको संयुक्त प्रयास आवश्यक हुन्छ । सर्वप्रथम जोखिमयुक्त क्षेत्रको पहिचान गरी त्यस्ता ठाउँमा बस्ती विस्तार नियन्त्रण गर्नुपछ ।

नदी तथा खोलाको प्राकृतिक बहावलाई सुरक्षित राख्नुपर्छ। सडक निर्माण गर्दा भूगर्भीय तथा वातावरणीय अध्ययन गरी मात्र काम अघि बढाउनुपर्छ ।

सडकमा उचित नाली र पानी निकासको व्यवस्था गर्नुका साथै पहिरो नियन्त्रणका उपाय अपनाउनुपर्छ। वन फँडानी रोक्नुपर्छ र खाली तथा जोखिमयुक्त जमिनमा वृक्षरोपण गर्नुपर्छ ।

नदी तथा खोलाबाट ढुंगा, गिट्टी र बालुवा निकाल्ने कार्यलाई पनि व्यवस्थित र नियन्त्रित बनाउन आवश्यक छ । विपद् व्यवस्थापनमा पूर्वतयारीको विशेष महत्व हुन्छ । बाढी तथा पहिरोसम्बन्धी मौसम पूर्वानुमान र पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ ।

जोखिममा रहेका मानिसलाई समयमै सूचना पुऱ्याउने व्यवस्था गर्नुपर्छ। स्थानीय समुदायलाई विपद्को समयमा अपनाउनुपर्ने सावधानी, उद्धार तथा सुरक्षित स्थानमा स्थानान्तरणसम्बन्धी तालिम दिनुपर्छ । विद्यालयमा पनि विपद् व्यवस्थापनसम्बन्धी शिक्षा दिई विद्यार्थीलाई व्यवहारिक रूपमा सुरक्षित रहने अभ्यास गराउनुपर्छ । बाढीपहिरो आइहालेमा उद्धार तथा राहत कार्यलाई तत्काल प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ ।

सुरक्षा निकाय, स्थानीय सरकार, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा विभिन्न सामाजिक संस्थाबीच समन्वय हुन आवश्यक छ । प्रभावित मानिसलाई सुरक्षित स्थानमा सारेर स्वच्छ पानी, खाद्यान्न, अस्थायी बसोबास र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ ।

विपद्पछि क्षतिग्रस्त सडक, पुल, खानेपानी, विद्युत् तथा सञ्चारका संरचनाको पुनर्निर्माण र प्रभावित परिवारको पुनःस्थापनामा विशेष ध्यान दिनुपर्छ । अन्त्यमा, बाढीपहिरो प्राकृतिक प्रक्रिया भएकाले यसलाई पूर्ण रूपमा रोक्न सम्भव नहुन सक्छ तर वैज्ञानिक योजना, वातावरण संरक्षण, सुरक्षित बस्ती विकास, व्यवस्थित सडक निर्माण, प्रभावकारी पूर्वसूचना प्रणाली र जनचेतनाका माध्यमबाट यसको क्षति धेरै हदसम्म कम गर्न सकिन्छ ।

विपद् व्यवस्थापन सरकारको मात्र जिम्मेवारी होइन, प्रत्येक नागरिकको पनि कर्तव्य हो । त्यसैले विपद् आएपछि उद्धार गर्नुभन्दा विपद् आउनुअघि नै आवश्यक तयारी गर्नु बुद्धिमानी हुन्छ ।

हामी सबैले प्रकृतिको संरक्षण गर्दै जिम्मेवार र सुरक्षित विकास निर्माणमा ध्यान दिन सकेमा बाढीपहिरोबाट हुने जनधनको क्षति कम गर्न सकिन्छ ।

हालै भोटेकोशी क्षेत्रमा आएको बाढी तथा पहिरोमा परी ज्यान गुमाउनुभएका सम्पूर्ण व्यक्तिहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै घाइते तथा प्रभावित सबैको शीघ्र स्वास्थ्यलाभ र पुनःस्थापनाको कामना गर्दछु ।

सत्यको खोजीभन्दा आत्मबोधको यात्रा



✍ ओम प्रसाद न्यौपाने

सत्य सधैं उपस्थित हुन्छ; हामी केवल त्यसलाई ढाक्ने भ्रमका बादलहरू हटाउनुपर्छ । मानिसको जीवन एउटा निरन्तर खोजी हो । ऊ ज्ञान खोज्छ, सफलता खोज्छ, प्रेम खोज्छ, शान्ति खोज्छ र अन्ततः सत्य खोज्छ। तर सत्यको खोजीमा दौडिरहँदा हामी एउटा गहिरो कुरा बिर्सन्छौं । सत्य हराएको वस्तु होइन, जसलाई कतै गएर भेट्नुपछ । सूर्य बादलभित्र हराउँदा सूर्य अस्तित्वविहीन हुँदैन । बादलले केवल हाम्रो दृष्टि रोक्छ । बादल हटेपछि सूर्य फेरि देखिन्छ । सत्य पनि त्यस्तै हो । सत्यलाई जन्माउनुपर्दैन; हामीले त्यसलाई ढाकिरहेका भ्रमहरू हटाउनुपर्छ । त्यसैले प्रश्न "सत्य कहाँ छ?" भन्दा पनि "सत्य देख्नबाट मलाई के कुराले रोकिरहेको छ?" भन्ने हुन सक्छ । हामी संसारलाई प्रायः वास्तविकताले भन्दा आफ्ना धारणाले हेर्छौं । कसैले हामीलाई जवाफ दिएन भने हामी तुरुन्त निष्कर्ष निकाल्छौं । ऊ रिसाएको हुनुपर्छ । कसैले आलोचना गऱ्यो भने ऊ हाम्रो विरोधी हो भन्ने ठान्छौं । कसैले प्रशंसा गऱ्यो भने उसको मनसाय पनि त्यही होला भनेर विश्वास गर्छौं । तर घटना र त्यसबारे हाम्रो व्याख्या एउटै कुरा होइन ।

"मलाई यस्तो लाग्यो" र "यस्तो नै हो" बीच ठूलो दूरी हुन्छ । यही दूरीलाई नबुझ्दा भ्रम जन्मिन्छ । मानिसको सबैभन्दा ठूलो समस्या अज्ञान मात्र होइन; आफूले बुझेको कुरालाई नै पूर्ण सत्य ठान्नु पनि हो । हामी आफ्नो विचार, अनुभव र विश्वासलाई यति मजबुतसँग समात्छौं कि त्यसमा प्रश्न उठ्दा हामी सत्यको रक्षा गरिरहेका छौं जस्तो लाग्छ, जबकि वास्तवमा हामी आफ्नो अहंकारको रक्षा गरिरहेका हुन सक्छौं । सत्यप्रतिको इमानदारी भनेको आफ्नो विचारलाई सही प्रमाणित गर्नु होइन । आवश्यक पर्दा आफ्नै विचार गलत हुन सक्छ भनेर स्वीकार गर्न सक्नु हो । बौद्धिक विनम्रता त्यहींबाट सुरु हुन्छ, जहाँ "म सही छु" भन्ने आग्रहभन्दा "सत्य के हो?" भन्ने प्रश्न ठूलो हुन्छ । हाम्रो दैनिक जीवनका धेरै दुःख पनि घटनाभन्दा ती घटनामाथि हामीले बनाएको अर्थबाट उत्पन्न हुन्छन् । विगतमा भएको एउटा घटना समाप्त भइसकेको हुन्छ, तर हामी त्यसलाई सम्झनामा निरन्तर दोहोऱ्याइरहन्छौं । भविष्यमा हुने नसक्ने सम्भावनाको डरले वर्तमानको शान्ति खोस्छौं । कसैले बोलेको एउटा शब्दलाई सम्पूर्ण सम्बन्धको निष्कर्ष बनाउँछौं । यसरी कहिलेकाहीं हामी वास्तविकतामा भन्दा आफ्नै मानसिक कथामा बढी बाँच्छौं । भ्रमको विशेषता यही हो । त्यो भ्रमजस्तो देखिँदैन। जबसम्म हामी त्यसलाई प्रश्न गर्दैनौं, त्यो सत्यजस्तै अनुभूत हुन्छ ।

त्यसैले सत्यको यात्रा धेरै कुरा जम्मा गर्ने यात्रा मात्र होइन; केही कुरा छोड्ने यात्रा पनि हो । अनावश्यक पूर्वाग्रह छोड्नु, अहंकार छोड्नु, डरबाट बनेका निष्कर्ष छोड्नु र आफूलाई सधैं सही ठान्ने बानी छोड्नु । कहिलेकाहीं सत्य पाउनुभन्दा पहिले आफ्नो असत्य छोड्नुपर्छ ।

यही कुरा समाजमा पनि लागू हुन्छ । कुनै कुरा धेरै मानिसले विश्वास गर्दैमा त्यो सत्य हुँदैन । बारम्बार दोहोरिएको कुरा तथ्य बन्न सक्दैन । सूचना धेरै हुनु र सत्य धेरै हुनु एउटै कुरा होइन । आजको सूचना समृद्ध संसारमा मानिसको चुनौती ज्ञानको अभाव मात्र होइन, सही र गलत छुट्याउने विवेक पनि हो । तर सत्य सधैं सहज हुँदैन । कहिलेकाहीं त्यसले हाम्रो सुविधाजनक विश्वास भत्काउँछ। आफूले सही ठानेको कुरा गलत हुन सक्छ । आफूले दोष दिएको मानिस निर्दोष हुन सक्छ । आफ्नै कमजोरी हाम्रो अगाडि उभिन सक्छ । त्यसैले मानिस कहिलेकाहीं सत्यभन्दा भ्रम रोज्छ किनकि भ्रम आरामदायी हुन्छ । तर आरामदायी हुनु सत्यको प्रमाण होइन । ऐनाले अनुहार बदल्दैन; उसले केवल जे छ, त्यही देखाउँछ । सत्य पनि त्यस्तै ऐना हो । त्यसले हामीलाई आफूले देख्न नचाहेको कुरा पनि देखाउन सक्छ । तर त्यही असहज स्पष्टताबाट वास्तविक परिवर्तन सुरु हुन्छ । जीवनको सबैभन्दा ठूलो आत्मज्ञान सायद अरूका भ्रम चिन्नु होइन, आफ्नै भ्रम चिन्नु हो । संसार गलत छ भन्नुअघि आफूले संसारलाई कुन दृष्टिबाट हेरिरहेको छु भनेर सोध्नु होख । अरूलाई बदल्न खोज्नुअघि आफ्नै सोच जाँच्नु हो । हामी सत्य थप्न सक्दैनौं । हामीले केवल भ्रम घटाउन सक्छौं । हामीले नयाँ सूर्य बनाउनुपर्दैन । हामीले बादल हटाउनुपर्छ । अन्ततः सत्यको यात्रा बाहिरी संसार जित्ने यात्रा होइन; आफ्नै भ्रम, अहंकार र पूर्वाग्रहमाथि विजय प्राप्त गर्ने यात्रा हो । त्यसैले आज आफैंलाई एउटा प्रश्न गरौं... "मैले जीवनमा कुन कुरालाई सत्य ठानेर समातेको छु, जबकि त्यो केवल मेरो डर, अहंकार वा भ्रम हुन सक्छ ?"

सायद यही प्रश्नको इमानदार उत्तरबाट चेतनाको नयाँ बिहान सुरु हुन्छ ।

किनकि सूर्य सधैं उपस्थित छ ।

हामीले केवल बादल हटाउन बाँकी छ ।

दार्मामा औषधि अभाव, छ सय बिरामी प्रभावित



काँक्रेविहार संवाददाता
सल्यान, १८ भदौ

दार्मा गाउँपालिकामा नसर्ने रोगका बिरामीले नियमित सेवन गर्ने निःशुल्क औषधि अभाव भएपछि समस्या भोग्नुपरेको छ।

स्वास्थ्य संस्थामा औषधि नपाउँदा बिरामी निजी औषधि पसलमा महँगोमा किन्न तथा टाढाका बजारसम्म पुग्न बाध्य भएका छन्। गाउँपालिकाको स्वास्थ्य शाखाका अनुसार संघीय सरकारबाट उपलब्ध हुनुपर्ने केही औषधि आए पनि प्रदेश सरकारमार्फत आउनुपर्ने नसर्ने रोगसम्बन्धी औषधि पर्याप्त मात्रामा प्राप्त हुन सकेको छैन।

विशेषगरी उच्च रक्तचाप, मधुमेह र मानसिक स्वास्थ्यसम्बन्धी औषधिको अभाव देखिएको स्वास्थ्य शाखा प्रमुख यज्ञबहादुर बस्नेतले बताए। उनका अनुसार नियमित औषधि सेवन गर्ने करिब छ सय प्रेसर तथा सुगरका बिरामी औषधि अभावबाट प्रत्यक्ष प्रभावित भएका छन्। स्वास्थ्य संस्थामा औषधि नपाएपछि बिरामीले फारुलाचौरमा रहेका निजी क्लिनिक तथा मेडिकलमा खोज्ने गरेका छन्। त्यहाँसमेत सहज रूपमा औषधि नपाउँदा कतिपय बिरामी सदरमुकाम खलंगा, श्रीनगर तथा रुकुम पश्चिमको चौरजहारीसम्म पुनुपर्ने अवस्था रहेको बताइएको छ।

दार्मा दुईका तुलसी शर्माले स्वास्थ्य संस्थाबाट निःशुल्क पाउनुपर्ने प्रेसरको औषधि नपाएपछि निजी पसलबाट खरिद गरेर सेवन गरिरहेको बताए।

नियमित सेवन गर्नुपर्ने औषधि स्थानीयस्तरमा नपाउँदा आर्थिक अवस्था कमजोर भएका बिरामी बढी प्रभावित भएका छन्।

गाउँपालिका अध्यक्ष निमबहादुर केसीले संघ र प्रदेशबाट उपलब्ध हुनुपर्ने औषधि नियमित आपूर्ति नहुँदा समस्या भएको बताए। उनका अनुसार पछिल्ला दुई वर्षदेखि औषधि आपूर्तिमा समस्या देखिँदै आएको छ। स्थानीय तहले आफैँ औषधि खरिद गर्न नमिल्ने व्यवस्थाका कारण पनि समस्या समाधान गर्न कठिन भएको अध्यक्ष केसीको भनाइ छ। औषधि आपूर्ति सहज बनाउन सम्बन्धित निकायलाई पटक-पटक पत्राचार र ध्यानाकर्षण गरिए पनि समस्या समाधान हुन नसकेको उनले बताए। स्थानीयले नसर्ने रोगका बिरामीका लागि आवश्यक औषधि नियमित र निःशुल्क उपलब्ध हुने व्यवस्था मिलाउन सरकारसँग माग गरेका छन्।

३२ वर्षदेखि न्यायको पर्खाइमा



काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, १८ भदौ

तत्कालीन माओवादीले सशस्त्र जनयुद्ध सुरु गर्नुअघि हत्या गरिएका गणेश शाहको परिवारले घटनाको ३२ वर्ष बितिसक्दा पनि न्याय र राहत नपाएको गुनासो गरेको छ।

चौरजहारी नगरपालिका ११ खोलागाउँका शाहको २०५१ साल भदौ १७ गते हत्या भएको थियो। उनको हत्या भएको ३२ वर्ष पूरा भएको अवसरमा आयोजित स्मृति कार्यक्रममा परिवारले लामो समयदेखि न्यायको प्रतीक्षामा बस्नुपरेको बताएको हो।

शाहकी श्रीमती तोलाकुमारी शाहले श्रीमान्को हत्या भएपछि परिवार बिचल्लीमा परेको बताइन्। हत्यामा संलग्न व्यक्तिहरूमाथि हालसम्म कारबाही नभएको र राज्यबाट समेत राहत नपाएको उनको गुनासो छ।

श्रीमान्को हत्या गर्नेहरू जनयुद्धका नाममा फरार रहेको भन्दै उनले आफूहरूले अहिलेसम्म न्यायको अनुभूति गर्न नसकेको बताइन्।

तत्कालीन खोलागाउँ गाविसका अध्यक्ष तथा जिल्ला विकास समितिका सदस्यसमेत रहेका शाह कामको सिलसिलामा जिल्ला सदरमुकाम जाने क्रममा सानीभेरी गाउँपालिका नौ सिम्लीको सुलिहालेमा हत्या भएका थिए।

कार्यक्रममा नेपाली कांग्रेस रुकुम पश्चिमका उपसभापति हर्कसिंह खत्रीले राजनीतिक आस्थाकै कारण शाहको हत्या भएको दाबी गरे।

शान्ति सम्झौतामा २०५२ साल फागुन एक गतेदेखि भएका घटनालाई मात्र द्वन्द्वकालीन घटनाका रूपमा समेटिएपछि शाहको परिवार राहतबाट वञ्चित भएको उनको भनाइ थियो।

खत्रीले सरकारले राजपत्रमा गणेश शाहको नाम सहिदको सूचीमा समावेश गरे पनि सहिद परिवारले पाउनुपर्ने राहत अझै नपाएको बताए।

३२ वर्षसम्म परिवारले न्यायका लागि संघर्ष गर्नुपर्नु दुःखद् भएको उनले उल्लेख गरे। कांग्रेस चौरजहारी नगरसभापति प्रेमबहादुर ओलीले हत्या र हिंसाबाट विचार समाप्त गर्न नसकिने बताए।

विचार र आस्थाकै आधारमा हत्या हुनु आपराधिक मानसिकताको उपज भएको उनको भनाइ थियो। कांग्रेस चौरजहारी ११ का सभापति खिमबहादुर ओलीले प्रत्येक वर्ष शाहको स्मृति दिवसका अवसरमा विभिन्न कार्यक्रम गर्दै आएको जानकारी दिए।

हिमताल फुट्ने त्रासमा लिमीका बस्ती सुरक्षित बस्तिको माग



काँक्रेविहार संवाददाता
हुम्ला, १८ भदौ

जिल्लाको नाम्खा गाउँपालिका छ हिमालपारिको लिमीका दुई बस्ती हिमताल फुटेर आउने बाढी र पहिरोको उच्च जोखिममा रहेका छन्।

पटक-पटक हिमताल फुटेर बाढी र पहिरो आउने गरेपछि तिलगाउँ र हल्जीगाउँका स्थानीय वर्षायाममा त्रासमा बस्न बाध्य छन्।

लिमी तिलगाउँका स्थानीयका अनुसार गाउँमाथि रहेका हिमतालको पानी फुटेर विगतमा लगातार दुई वर्ष बाढी आएपछि बस्तीमा क्षति पुगेको थियो।

स्थानीय कोनुर्वु लामाले वर्षा हुन थालेपछि सुरक्षित स्थानको खोजीमा गाउँ छोडेर नजिकैको चौरमा गएर बस्नुपर्ने अवस्था रहेको बताए। तिलगाउँमा हाल १८ घरपरिवार बसोबास गर्दै आएका छन्।

विगतमा आएको बाढीका कारण गाउँनजिकै ठूलो दरारसमेत परेको स्थानीयको भनाइ छ। हिमताल फुट्ने जोखिमका कारण वर्षायाममा घरमै बस्नसमेत डर लाग्ने उनीहरू बताउँछन्।

लिमीको अर्को बस्ती हल्जीगाउँ पनि हिमताल र हिमपहिरोको जोखिममा रहेको स्थानीय कुन्जोक तामाङले बताए। उनका अनुसार चार वर्षअघि गाउँनजिकैको खोलामा हिमताल फुटेर आएको पहिरोले चार घरमा क्षति पुऱ्याएको थियो। वर्षा सुरु भएपछि स्थानीयलाई सम्भावित जोखिमप्रति चनाखो भएर बस्नुपर्ने बाध्यता रहेको उनले बताए। हल्जीगाउँमा करिब ९० घरधुरीको बसोबास छ।

गाउँमा पुरानो गुम्बासमेत रहेकाले धार्मिक तथा सांस्कृतिक महत्वका कारण धेरै परिवारले बस्ती छोड्न नसकेको स्थानीय बताउँछन्।

लिमीका दुवै बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न माग गर्दै पटक-पटक सम्बन्धित निकायमा पहल गरिए पनि सुनुवाइ नभएको वडाध्यक्ष पाल्जोर तामाङले गुनासो गरे।

जिल्लादेखि प्रदेश हुँदै संघीय राजधानीसम्म स्थानान्तरणका लागि पहल गरे पनि ठोस निर्णय हुन नसकेको उनले बताए।

गत वर्ष हल्जीगाउँको सुनखानी माध्यमिक विद्यालयसमेत पहिरोको जोखिममा रहेको भन्दै स्थानीयले सामूहिक पहलमा विद्यालय भवन अन्यत्र निर्माण गरी स्थानान्तरण गरेका थिए। स्थानीयका अनुसार बस्ती स्थानान्तरणमा भने अझै सरकारी पहल आवश्यक छ।

बढ्दैछ...

छ। चालुतर्फ ४२ लाख ५४ हजार एक सय ७८ रुपैयाँ खर्च भएको छ। चालु वर्षमा कार्यालय सञ्चालन तथा कर्मचारीको तलब भत्ताका लागि १४ अर्ब १५ करोड १८ लाख ३६ हजार रुपैयाँ बजेट राखिएको छ। आर्थिक वर्षको पहिलो महिनामा खर्च न्यून हुनु मात्रैले सरकारको कार्यान्वयन क्षमता कमजोर रहेको निष्कर्ष निकाल्न नसकिए पनि विगत पाँच वर्षको अन्तिम त्रैमासिक खर्चको प्रवृत्तिसँग जोडेर हेर्दा पुरानै चक्र नदोहोएिला भन्न सकिने अवस्था भने छैन। जोखिम छ।

त्रैमासिक खर्च लक्ष्य निर्धारण, नियमित प्रगति समीक्षा, मन्त्रालयगत जवाफदेहिता, खरिद प्रक्रियाको समयमै व्यवस्थापन र कमजोर कार्यसम्पादन गर्ने निकायमाथि जिम्मेवारी निर्धारण नगरेसम्म कर्णालीको बजेट कार्यान्वयनमा सुधार आउन कठिन रहेको सरोकारवालाहरु बताउँछन्।

जनहितमा जारी सन्देश

माटो, पानी र जलाधार संरक्षण गरौं – सुरक्षित र समृद्ध भविष्य निर्माण गरौं

भूमि, पानी, वन तथा प्राकृतिक स्रोतको उचित संरक्षण र व्यवस्थापन नै दिगो विकासको आधार हो। भूक्षय, पहिरो, बाढी, नदी कटान तथा पानीका मुहान सुक्ने जस्ता समस्याबाट भूमि र बस्तीलाई जोगाउन भू तथा जलाधार व्यवस्थापन कार्यालय, सुर्खेत ले भू-संरक्षण तथा एकीकृत जलाधार व्यवस्थापनका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

कार्यालयका प्रमुख कार्यहरू

- भूक्षय तथा पहिरो नियन्त्रणका लागि संरक्षणात्मक संरचना निर्माण तथा व्यवस्थापन गर्ने।
- नदी तथा खोलाको कटान नियन्त्रण र तटबन्ध निर्माणमा सहयोग गर्ने।
- पानीका मुहान, पोखरी तथा जलाधार क्षेत्रको संरक्षण र पुनर्भरणमा सहयोग गर्ने।
- बाढी तथा पहिरोको जोखिममा रहेका संवेदनशील क्षेत्रको पहिचान गरी संरक्षणका कार्यक्रम सञ्चालन गर्ने।
- जलाधार क्षेत्रको एकीकृत व्यवस्थापनमार्फत माटो र पानीको संरक्षण गर्ने।
- स्थानीय तह तथा समुदायसँग समन्वय र सहकार्य गरी संरक्षणमुखी कार्यक्रम सञ्चालन गर्ने।
- भू-संरक्षणसम्बन्धी प्रविधि, जनचेतना तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।
- वातावरणमैत्री तथा दिगो विकासलाई प्रवर्द्धन गर्ने।

आजको संरक्षण, भोलिको समृद्धि।
माटो जोगाऔं, पानी बचाऔं, जलाधार संरक्षण गरौं।

भू तथा जलाधार व्यवस्थापन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

विपद् व्यवस्थापनमा कर्णाली सरकारको नयाँ निर्णय



काँक्रेविहार संवाददाता
सुर्खेत, १८ भदौ

कर्णाली प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण, उद्धार, राहत तथा पुनर्निर्माणलाई प्रभावकारी बनाउन विभिन्न निर्णय गरेको छ।

भदौ १२ गते बसेको प्रदेश जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकका निर्णय बुधबार प्रमाणीकरण गरिएको हो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता सुरेन्द्रबहादुर शाहीका अनुसार जाजरकोटको भेरी नगरपालिका दुई रिसाङमा साउन ३० गते आएको बाढीबाट प्रभावितका लागि पठाइएको राहत सामग्रीको निकासा अनुमोदन गरिएको छ। आपतकालीन गोदाममा आवश्यक राहत सामग्रीको मौज्दात कायम राख्ने निर्णयसमेत भएको छ। बाढीपहिरो तथा अन्य प्राकृतिक विपद्बाट पूर्ण क्षति भएका घरको पुनर्निर्माणलाई प्राथमिकताका साथ अघि बढाउने निर्णय गरिएको छ। यस्तै, प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रलाई प्रभावकारी बनाउन एक महिनाभित्र सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

रसुवाको भोटेकोशी बाढीबाट प्रभावित कर्णालीका नागरिकलाई समेत राहत उपलब्ध गराउने निर्णय भएको छ। बाढीमा मृत्यु भएकाका परिवारलाई काजकिरिया तथा शव व्यवस्थापनका लागि रकम उपलब्ध गराइनेछ भने प्रभावित नागरिकलाई घर फर्किन आवश्यक यातायात खर्चसमेत दिइनेछ। प्रत्येक जिल्ला विपद् व्यवस्थापन कोषमा प्रदेश विपद् व्यवस्थापन कोषबाट १५ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय भएको छ। कर्णालीका हिमताल तथा हिमनदीको अवस्था र जोखिमबारे अध्ययन गर्न इसिमोडलगायत संस्थासँग सहकार्य गरिनेछ। उच्च हिमाली क्षेत्रमा जलवायु मापन केन्द्र विस्तार, जलाधार संरक्षण तथा ठूला सरकारी संरचनाको बीमा गर्ने व्यवस्था मिलाइने निर्णयसमेत भएको छ। यस्तै, विपद्बाट मृत्यु भएका कर्णालीका नागरिकका लागि राष्ट्रिय बीमा कम्पनीबाट उपलब्ध हुने दुई लाख रुपैयाँसम्मको बीमा रकम दाबी गर्न सम्बन्धित परिवारलाई आग्रह गरिएको छ।

कानुनी सचेतना बढाउन सरोकारवालाको जोड



काँक्रेविहार संवाददाता
सुर्खेत, १८ भदौ

सुशासन प्रवर्द्धनका लागि कानुनी सचेतना अभिवृद्धिसँगै पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागिता बढाउनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन्।

बुधबार वीरेन्द्रनगरमा सोसेक नेपाल, पहाडी क्षेत्र विकास अभियान जाजरकोट र यूएनडीपीको सहयोगमा आयोजित 'सार्वजनिक सेवा प्रवाह, सुशासन र जवाफदेहिता' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले नागरिकलाई कानुनी अधिकारबारे सचेत बनाउन स्थानीय तहबाटै कानुनी सचेतनाका कार्यक्रम विस्तार गर्नुपर्ने बताएका हुन्।

कार्यक्रममा मानवअधिकार रक्षक सञ्जालका प्रदेश संयोजक पिताम्बर ढकालले कानुनी अज्ञानताका कारण धेरै नागरिक सार्वजनिक सेवाबाट वञ्चित भइरहेको बताए।

जनसहभागिता, जवाफदेहिता र उत्तरदायित्वलाई सुशासनको मूल आधार बनाउन नागरिकमा कानुनी ज्ञान आवश्यक रहेको उनको भनाइ थियो।

ढकालले नागरिक समाजले सरकारलाई सहयोग गर्नुका साथै आवश्यकता अनुसार खबरदारीसमेत गर्नुपर्ने बताए।

कानुनी ज्ञानको अभावमा अझै पनि समुदायका नागरिकले विभेद र आलोचना भोग्नुपरेको उल्लेख गर्दै उनले स्थानीय तहबाट कानुनी सचेतना कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार गर्नुपर्नेमा जोड दिए।

सामाजिक विकास मन्त्रालयको सामाजिक तथा न्याय शाखाकी बिमा थापाले न्याय प्रवर्द्धनका लागि मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिइन्।

न्याय सेवालाई प्रभावकारी बनाउन सचेतनामूलक कार्यक्रम कार्यान्वयनका लागि चालु आर्थिक वर्षमा १२ करोड रुपैयाँ बजेट विनियोजन गरिएको उनले बताइन्।

त्यस्तै, पहाडी क्षेत्र विकास अभियान परियोजनाका संयोजक भीमबहादुर नेपालीले दलित, महिला, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका वर्गको सार्वजनिक सेवा र सूचनामा पहुँच बढाउने उद्देश्यले कार्यक्रम सञ्चालन भइरहेको
बताए। उनका अनुसार कर्णाली प्रदेशका चार जिल्लामा परियोजना सञ्चालन भइरहेको छ।

प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी विभिन्न कार्यक्रम कार्यान्वयन भइरहेको जानकारी दिँदै नेपालीले न्याय सेवाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक खबरदारीको कामसमेत भइरहेको बताए।

कानुनी सचेतना बढाउन सरोकारवालाको जोड

काँक्रेविहार संवाददाता
जाजरकोट, १८ भदौ

छेडाचाँदे देखी जुम्ला सडकखण्ड अन्तर्गत छेडागाड नगरपालिका एक र चार जोड्ने साल्मा खोला (खारा) मा निर्माणाधीन पक्की पुल चार वर्षदेखि अलपत्र परेको छ।

पुलका दुईवटा पिलर निर्माण गरेपछि ठेकेदारले काम अघि नबढाउँदा यात्रु र स्थानीयले जोखिम मोलेर खोला पार गर्नुपर्ने बाध्यता छ।

बर्खायाममा साल्मा खोलाको पानीको बहाव बढेपछि सवारीसाधन वारपार गर्न कठिन हुने गरेको स्थानीय प्रकाश केसीले बताए। खोला बढेका बेला घण्टौंसम्म यातायात प्रभावित हुने गरेको छ।

वशेषगरी बिरामी, बालबालिका, ज्येष्ठ नागरिक तथा मालवाहक सवारीसाधन बढी प्रभावित हुने गरेका छन्।

पूर्वाधार विकास कार्यालय, जाजरकोटका अनुसार पुल निर्माणका लागि नेपाल मेघा सिस्ने जेभी, नेपालगन्जसँग २०७८ असोज २९ गते ठेक्का सम्झौता भएको थियो।

चार करोड ८८ लाख एक हजार पाँच सय १७ रुपैयाँ ९१ पैसा लागतमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको पुल २०८० माघ २८ गतेभित्र सक्नुपर्ने थियो।

सम्झौताको म्याद सकिएको लामो समय बितिसक्दा पनि पुलका दुई पिलरबाहेक अन्य काम हुन सकेको छैन। निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन दिए पनि निर्माण कार्यले गति लिन सकेको छैन।

पुल निर्माण नहुँदा छेडाचाँदे-जुम्ला सडकखण्डमा नियमित यात्रा गर्ने स्थानीय तथा यात्रुले हरेक वर्ष बर्खामा समस्या भोग्दै आएका छन्।

पुल बनेपछि छेडागाड, जुनिचाँदे र कुशेका विभिन्न क्षेत्रको आवतजावत सहज हुने अपेक्षा गरिएको थियो।

स्थानीयले वर्षौंदेखि रोकिएको निर्माण कार्य तत्काल अघि बढाई पुल सम्पन्न गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

उनीहरूले पुल निर्माण भएपछि बर्खामा हुने यातायात अवरोध र जोखिमपूर्ण खोला वारपारको समस्या स्थायी रूपमा समाधान हुने बताएका छन्।

त्रिशुली ३ 'ए' सुरुङको ३ फिट मुख खुलाएर उद्धारकर्मी भित्र पसे

काँक्रेविहार संवाददाता
काठमाडौं, १८ भदौ

विनाशकारी बाढीबाट प्रभावित नुवाकोटस्थित माथिल्लो त्रिशूली ३ 'ए' जलविद्युत् आयोजनाको सुरुङ (केबल डक्ट टनेल) को मुख खुलाउने कार्य भइरहेको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ।

सुरुङको भित्री भागका साथै पावर हाउस सुरक्षित हुनसक्ने र फँसेका व्यक्तिहरु जिवित भेटिनसक्ने झिनो आशा छ। नेपाली सेनाको नेतृत्वमा चिनियाँ टोली र अन्य प्राविधिक गरी ९३



जनाको टोली अहिले यहाँ परिचालित भएको हो। उद्धारका लागि ५ वटा एक्स्क्याभेटर, कम्प्रेसर र ब्रेकर मेसिनको प्रयोग गरिएको छ। सुरुङको मुखमा ४० मिटर लामो र २० मिटर अग्लो फलामका भत्केका संरचना तथा ठूला ढुंगाहरू (डेब्रिस) थुप्रिएका कारण चुनौती थपिएको जनाइएको छ। त्यसलाई पन्छाएर सुरुङको माथिल्लो भागबाट करिब ३ फिट जति मुख खुलाइएको प्रधानमन्त्रीको सचिवालयको प्रेस नोटमा उल्लेख छ। बाटो खुलेसँगै उद्धारकर्मीहरू सुरुङभित्र १५ देखि २० मिटरसम्म पुगिसकेका छन्। यद्यपि, मेसिन र एक्स्क्याभेटर भित्र पठाउन सुरुङको पूरै मुख खुलाउनुपर्ने भएकाले बाँकी अवरोध पन्छाउने काम जारी छ। त्यहाँ रहेका ७ वटा ठूला ढुंगाहरू (बोल्डर)लाई ब्लास्टिङ गर्ने तयारी अन्तिम चरणमा पुगेको उद्धार टोलीले जनाएको छ।

करिब १७० मिटर लामो यो सुरुङ अहिले माटो र लेदोले भरिएको र सफा गरेर छिचोलेपछि मात्रै भित्र रहेको पावरहाउसलगायत अन्य मुख्य संरचनासम्म पुग्न र वास्तविक क्षतिको विवरण पत्ता लगाउन सकिने आयोजनाले जनाएको छ।



सुरक्षित तथा भूकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
दीगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पूर्वाधार सेवा प्राप्ती नागरिक अधिकार ।
पूर्वाधार विकास कार्यालय
सुर्खेत

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)